निलगाईका कारण किसान चिन्तित

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, १ पुस

रौतहटका किसानलाई निलगाईको आतंकले चिन्तित बनाएको छ । राति-राति आउने गाईले बाली सखाप पार्न थालेपछि उनीहरू चिन्तित बनेका हुन् ।

किसानले रोपेको तरकारी, धान, गहुँ, मकै लगायतका अन्नबाली खाइदिने गरेपछि किसानहरू समस्यामा परेका छन् । मेहनत गरेर रोपेको अन्नबाली गाईले सखाप पार्दा समस्या हुने गरेको बौद्धिमाई नगरपालिका-९ सरमुजवाका किसान धर्मेन्द्र

यादवले बताए ।

मध्यराति बथानसहित आउने गाईले बालीमा क्षति पुर्याउने गरेको किसान यादवको गुनासो छ । पछिल्ला केही वर्षयता निलगाईले जिल्लाका प्रायः सबै स्थानीय तहका किसानको बालीनालीमा क्षति पुर्‍याउने गरेका छन् ।

निलगाईका लागि जिल्लाका नदी, खोलाहरू सुरक्षित बाँस स्थान बनेका छन् । गाईको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । संख्या बढेसँगै सरकार तथा सम्बन्धित निकायले बेवास्ता गरेको गुनासो छ ।

किसानहरू अन्नबाली जोगाउन रातभरी मसाल बालेर टिन ठटाउन बाध्य छन् ।

काठमाडौं र ललितपुरबाट लाखौंको धनमाल चोरी

काठमाडौं/मस- काठमाडौं र ललितपुरका विभिन्न स्थानबाट लाखौंको धनमाल चोरी भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सोमबार मात्रै काठमाडौंको तारकेश्वर नगरपालिका, काठमाडौं महानगरपालिका र ललितपुरको महालक्ष्मी नगरपालिकाका विभिन्न स्थानबाट सोमबार मात्रै सुनका विभिन्न गरगहना र नगदसमेत गरी करिब ५७ लाख बराबरको धनमाल चोरी भएको हो ।

तारकेश्वर नगरपालिका-११ नेपालटारमा सुनिता बजगाईंको कोठाबाट दुई लाख ९१ हजार, तारकेश्वर नगरपालिका-२ काभ्रेस्थलीमा जयराम अधिकारीको घरबाट तीन लाख ७७ हजार र काठमाडौं महानगरपालिका-१५ मा धर्मरत्न शाहीको कोठाबाट सुन तथा चाँदीका गरगहना र

ल्याप्टप एक थान गरी करिब ७ लाख ४० हजार बराबरको चोरी भएको छ ।

प्रहरीका अनुसार ललितपुरको महालक्ष्मी नगरपालिका-१ भैरव टोलमा जानेन्द्रलाल कर्णको कोठाबाट ४ लाख चार हजार र कृष्ण मन्दिर चोक नजिकै बाबुराम पाण्डेको कोठाबाट ३९ लाख ४७ हजार बराबरको धनमाल चोरी भएको छ । चोरीमा संलग्नको खोजी गर्नुका साथै सो सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

विपद् जोखिम न्यूनीकरण गर्न कार्यशाला

सन्तोष पौडेल/मध्यान्ह
बर्दिया, १ पुस

बर्दियाको गेरुवा गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण, तयारी तथा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले विपद्सम्बन्धी नीति तथा पूर्वसूचना कार्यविधीहरूबारे एकदिने कार्यशाला सम्पन्न भएको छ ।

मानवीय सहायता साझेदारी मञ्च, केयर नेपाल, निड्स तथा कमैया महिला जागरण समाजको साझेदारीमा सञ्चालित सजग समाज परियोजनाअन्तर्गत उक्त कार्यशाला आयोजना गरिएको हो ।

कार्यशालाले स्थानीय तहमा विपद् व्यवस्थापनका नीतिगत पक्ष, पूर्वसूचना प्रणालीको अवस्था तथा आपतकालीन तयारीलाई थप सुदृढ बनाउने लक्ष्य राखेको आयोजक संस्थाले जनाएको छ ।

कार्यशालामा गेरुवा गाउँपालिकाका जनप्रतिनिधिहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय विपद् व्यवस्थापन समिति, समुदायस्तरीय विपद् व्यवस्थापन समितिका प्रतिनिधिहरू तथा प्रहरीको सहभागिता रहेको थियो ।

कार्यक्रमका क्रममा स्थानीय तहमा विद्यमान विपद् व्यवस्थापनसम्बन्धी नीति तथा कार्यविधि, बाढी तथा अन्य प्राकृतिक विपद्का लागि प्रयोगमा रहेका पूर्वसूचना प्रणालीको प्रभावकारिता, आपतकालीन तयारी, उद्धार तथा राहत व्यवस्थापनमा देखिएका चुनौतिलगायतका विषयमा विस्तृत छलफल गरिएको थियो ।

सहभागीहरूले विपद् जोखिम न्यूनीकरणका लागि समयमै सूचना प्रवाह, समुदायको सक्रिय भूमिका तथा स्थानीय सरकारको दायित्व अझ स्पष्ट र प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए । साथै, सहभागीहरूले समुदायस्तरमा पूर्वतयारी योजना, अभ्यास (ड्रिल), जोखिमयुक्त बस्ती पहिचान तथा सरोकारवाला निकायबीचको समन्वयलाई थप मजबुत बनाउन आवश्यक रहेको धारणा राखेका थिए ।

कार्यशालाबाट प्राप्त सुझावहरूलाई आगामी दिनमा स्थानीय विपद् व्यवस्थापन योजना तथा पूर्वसूचना प्रणाली सुधारमा उपयोग गरिने जनाइएको छ । यस प्रकारका कार्यक्रमले स्थानीय तहलाई विपद्प्रति थप सचेत, सक्षम र उत्तरदायी बनाउने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् ।

ओमनमा रोजगार
कम्पनीः AL FAJR INTERNATIONAL JEWELERY SPC शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०९/०१ चलानी नं.: ६०२४८८४२ L.T. No.: 335389

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Loading And Unloading Worker/Helper	30	0	स. काममा दक्ष	110	४१,३९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष ९ गते (24 December 2025) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085, 9803093814
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/१०/०७ मा दर्ता भएको श्री **फुडिज् गाल्ली प्रा. लि. (प्रा. लि. नं. २३२८२२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

काठ बोलपत्रद्धारा लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशन मितिः २०८२/०९/०२

श्री रानिवन सामुदायिक वन उपभोक्ता समूह, जोरायल गा.पा.-१, डोटीको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्लो जातको काठ ए ग्रेड ११८ थानको २२६९.६८ क्यूफिट, बी ग्रेड ६६ थानको ६२४.३१ क्यूफिट गरि कूल १८४ थानको २८९३.९८ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री रानिवन सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, जोरायल गा.पा.-१, डोटीको सूचना पाटीमा टाँस गरिएको छ।

श्री रानिवन सामुदायिक वन उपभोक्ता समूह, जोरायल गा.पा.-१, डोटी

Sudurpachchim Province Government
Ministry of Land Management, Agriculture & Cooperatives
Directorate of Agriculture Development
Agriculture Knowledge Center, Darchula

Invitation for Electronic Bids

First Date of publication: 2082/09/02 (17th December, 2025)

1.Agriculture knowledge Center, Darchula invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works (described on the table) under **National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.**

S. N.	Contract No.	Works Description	Last date of Bid Submission	Bid Opening Date & Time	Bid Document Fee	Bid Validity	Bid Security	Estimated Amount
1	AKC/NCB/ WORKS/2082/83-01	Construction of Agriculture knowledge Center Office Building (Tala Thap) and Others Works, Darchula	2082 Magh 04, Time: 12:00 Hr 18th January, 2026	2082 Magh 04, Time: 13:00 Hr 18th January, 2026	NRs. 3,000	90 Day	NRs. 2,00,000 Valid 120 Day	NRs. 77,97,704.52 (Inclusive VAT and PS)

2.Bank Details for Bid Document fee:- **Bank: Rastriya Banijya Bank Ltd., Khalanga, Darchula Branch Office: Agriculture knowledge Center Darchula, Office Code no.: 3120173017 Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229**
For Bid Security: - Account Name: Province Treasury Unit Office, Darchula Dharauti Account No: 4090100202030000
3.Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of Agriculture knowledge Center, Darchula , Email: akcdarchula@gmail.com Phone no.: 9858784813

Office Chief

डोल्पो बुद्ध गाउँपालिका
དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།
Dolpo Buddha Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०९/०२

यस कार्यालयबाट मिति २०८२/०७/२५ र २६ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमका कार्यमा पर्न आएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलका फर्महरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	बोलपत्र/ठेक्का/प्याकेज न.	कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (मु.अ. कर र पि.एस. रकम बाहेक)
१.	DBRM/DOLPA/WORKS/NCB/01/ 2082-083	कलाङ खोला-सोरु सडक पुनःस्थापना कार्य	श्री बि.टी. बिल्डर्स प्रा.लि., कागेश्वरी मनोहरा-०५, काठमाण्डौं	रु. २६,८०,०७९।५० (अक्षरेपी छब्बिस लाख असी हजार उनासी रुपैया र पैसा पचास मात्र)
२.	DBRM/DOLPA/WORKS/ NCB/02-2082/083	छुतोत एक घर एक धारा खानेपानी निर्माण	श्री मैकोट निर्माण सेवा, सिस्ने गाउँपालिका.-०७, रुकुम (पुर्व)	रु. २६,६२,९००।०० (अक्षरेपी छब्बिस लाख बैसठ्ठी हजार नौ सय रुपैया र पैसा शुन्य मात्र)

प्रमुख प्रशासकीय अधिकृत

Makalu Rural Municipality
Office of The Rural Municipal Executive
Num, Sankhuwasabha
Koshi Province, Nepal

INVITATION FOR ELECTRONIC BIDS

Date of Pulication: 2082-09-02

1. ***Makalu Rural Municipality, Num, Sankhuwasabha*** invites electronic bids from eligible bidders for the construction of the following works:-
2. Eligible bidders may obtain further information and inspect the bidding documents of the office of Makalu Rural Municipality office, Num, Sankhuwasabha or may visit PPMO website (www.bolpatra.gov.np/egp).
3. The description of the work details are:-

S. N.	Contract ID	Description of work	Estimate Amount (Inclusive of Vat & PS)	Bid doc (fee)	Bid Security Amount	Bid Security Validity Up to Date (120 Days)	Last Date and Time for Bid Submission	Bid Opening Date an Time	Pre-Bid Meeting
1	MRM/W/ 05/2082-83	Upgradation of Baklek-Ekuwa Road Makalu 03 (Chainage 0+000 to 7+040)	NRs 1,48,69,308.84	NRs 3000	NRs 3,30,000	2083-02-03	2082-10-02 at 12:00 hrs	2082-10-02 at 13:00 hrs	2082-09-22 at 14:00 hrs
2	MRM/W/ 06/2082-83	Upgradation of Baklek-Ekuwa Road Makalu 03 (Chainage 7+040 to 12+780)	NRs 55,78,418.24	NRs 3000	NRs 1,40,000	2083-02-03	2082-10-02 at 12:00 hrs	2082-10-02 at 13:00 hrs	2082-09-22 at 14:00 hrs

5. Information to deposit the cost of the bidding document in the following specified bank:-

S. N.	Name of Bank	Name of the office	Rajashwa Account	Dharauti Account
1	Siddartha Bank Ltd. Makalu Branch	Makalu Rural Municipality Office,Num,Sankhuwasabha	02615389554 (For bid fee)	02615135858 (For bid security)

5. If the last date of purchasing and/or submission falls on a government holiday,then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act,2063 and Public Procurement Regualtion,2064 and other prevailing rules and regulations of Nepal.
7. The purchaser reserves the right to accept or reject,wholly or partly any or all the bids without assigninig any reason,whatsoever.

Chief Administrative Officer